प्रधान कार्यालय
धर्मपथ, काठमाडौं ।

# प्रेस विज्ञप्ति

## सञ्चालक समितिका अध्यक्षको नियुक्ति तथा शपथ ग्रहण

नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट सञ्चालक पदमा नियुक्त भई आउनुभएका श्री मधु कुमार मरासिनीज्यू यस बैंकको सञ्चालक समितिको मिति २०७७/११/१० गते बसेको बैठकबाट सर्वसम्मत रुपमा सञ्चालक समितिको अध्यक्ष पदमा चयन हुनुभएको छ । सञ्चालक समितिका नव नियुक्त अध्यक्ष श्री मधुकुमार मरासिनीज्यूले नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यूबाट आज मिति २०७७/११/११ गतेका दिन पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रममा बोल्नुहुँदै नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यूले नव नियुक्त अध्यक्षलाई बधाई तथा शुभकामना दिनुहुँदै प्रतिस्पर्धी ब्याजदर, समयानुकूल नीति/रणनीतिको माध्यमबाट बैंकको वित्तीय अवस्थालाई अझ मजबुत बनाउन साथै विपन्न वर्ग कर्जा, सहुलियतपूर्ण कर्जाको विस्तारबाट उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्न नेपाल बैंकको विशेष योगदान रहने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा आफ्ना विचारहरु व्यक्त गर्नुहुँदै नव नियुक्त अध्यक्ष श्री मधु कुमार मरासिनीज्यूले नेपालको पहिलो बैंकको सञ्चालक समितिको अध्यक्षको जिम्मेवारी निर्वाह गर्ने अवसर प्राप्त भएकोमा खुशी व्यक्त गर्दै यस जिम्मेवारीका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा बैंक सञ्चालक समितिका सदस्यहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । उहाँले बैंकको वित्तीय परिसूचकहरुमा थप सुधार ल्याउन तथा बैंकको व्यवसायिक विकासका लागि बैंकलाई नयाँ उर्जा र गतिका साथ अघि बढाउन प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनरद्वय श्री चिन्तामणी शिवाकोटी र श्री शिवराज श्रेष्ठ, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री देवकुमार ढकाल, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री मुकुन्द क्षेत्री लगायत नेपाल राष्ट्र बैंकका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

नेपाल बैंक लिमिटेड, सञ्चालक समितिका सदस्यहरु श्री दीपेन्द्र विक्रम थापा, श्री केदार प्रसाद पनेरु, डा.सावित्री रञ्जित श्रेष्ठ, श्री विवेक शम्शेर ज.ब.रा., श्री विष्णु कुमार अग्रवाल र श्री ओम कृष्ण श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले बैंकको पछिल्लो वित्तीय अवस्थाको संक्षिप्त जानकारी गराउनु भएको थियो । साथै, उक्त कार्यक्रममा बैंकका नि.नायब प्रमुख कार्यकारी अधिकृत श्री समता पन्तको समेत उपस्थिति रहेको थियो ।

काठमाडौं, २०७७ फाल्गुण ११ गते, मंगलबार ।

नेपाल बैंक लिमिटेड
प्रधान कार्यालय, काठमाडौं

केशवप्रसाद भण्डारी
कम्पनी सचिव

